# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

**प्रेस विज्ञप्तिः -मिति २०७३।०१।२० गते।**

**<u>बैदेशिक रोजगार विभाग बुद्धनगर, काठमाण्डौका लेखा अधिकृत प्रकाश आचार्यलाई नियन्त्रणमा लिईएको</u>**

वैदेशिक रोजगार विभाग बुद्धनगर, काठमाण्डौमा कार्यरत लेखा अधिकृत प्रकाश आचार्यले एक मेनपावर कम्पनीको वैदेशिक रोजगार विभागमा भएको धरौटी रकम फिर्ता दिने कार्यका लागि यस पूर्व नै रु.१०,०००/- लिई सकेको र पुनः घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा आयोगबाट खटिई गएको टोलीले घुस रकम वापत लिएको रु. १०,०००/- (अक्षरुपी दश हजार रुपैयाँ) सहित लेखा अधिकृत प्रकाश आचार्यलाई निजकै कार्यकक्षबाट नियन्त्रणमा लिई अनुसन्धान भई रहेको छ ।

(कृष्णहरि पुष्कर)
सहसचिव एवं प्रवक्ता